# राष्ट्रिय बाणिज्य बैंक लिमिटेड
# केन्द्रीय कार्यालय
# संस्थागत तथा साना मझौला कर्जा बिभाग

## मूल्याँकनकर्ता (Valuator) को आवश्यकता सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०७०/०१/१०)

यस बैंकको बिभिन्न शाखा कार्यालयहरुबाट विभिन्न कर्जा/सुबिधा कारोवारको लागि ग्राहकहरुबाट सुरक्षण बापत पारित गराईनुपर्ने अचल सम्पत्तिहरु बैंकको प्रचलित निर्देशिका अन्तर्गत रही मूल्याँकन गर्नको लागि सुचिकृत हुन चाहने निम्न योग्यता पुगेका र शर्तहरु पालन गर्न मञ्जुर भएका ओभरसियर, ईन्जिनियर तथा ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म/कम्पनीहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकको केन्द्रिय कार्यालय, संस्थागत तथा साना मझौला कर्जा विभागमा वा केन्द्रिय कार्यालय, संस्थागत तथा साना मझौला कर्जा विभागमा प्राप्त हुने गरी क्षेत्रीय कार्यालयहरु मार्फत दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### मुल्याँकनकर्ताको योग्यता र अनुभव

बैंकको सुचीकृत सुचीमा समावेश हुने ओभरसियर, इन्जिनियर तथा ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनीहरुको न्युनतम योग्यता निम्न बमोजिम हुनुपर्नेछ ।

(क) नेपाल सरकार, शिक्षा मन्त्रालय, त्रिभुवन विश्व विद्यालय वा अन्य मान्यता प्राप्त स्वदेशी वा विदेशी शैक्षिक संस्थाहरुबाट शैक्षिक प्रमाण पत्र प्राप्त सिभिल, मेकानिकल तथा इण्डष्ट्रियल ईन्जिनियर तथा ओभरसियरहरु ।

(ख) मुल्याँकनकर्ताहरुको अनुभवलाई गणना गर्दा नेपाल सरकारको कार्यालय वा नेपाल सरकारको पुर्ण वा अर्ध-स्वामित्व भएको संस्थान वा विदेशी निर्माण वा एजेन्सी सम्मिलित नेपालमा स्थापित गैर सरकारी संस्था/अन्तर्राष्ट्रिय गैर सरकारी संस्था जस्ता कार्यालयहरुमा काम गरेको अनुभवलाई तथा 'क' वर्गका निर्माण कम्पनीमा काम गरेको अनुभवलाई समेत गणना गरिने छ । अन्य वित्तीय संस्था (बैंक) को मुल्याँकनकर्ता भई काम गरेको ब्यक्ति तथा फर्म वा कम्पनीलाई सोही अनुभवको मान्यता दिन सकिनेछ ।

(ग) निम्न अनुसारको अनुभव प्राप्त गरेका ओभरसियर, सिभिल तथा मेकानिकल इन्जिनियर, ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनीहरुले बैंकको मुल्याँकनकर्ताको सुचीमा समावेश हुन दरखास्त दिन सक्नेछन् ।

| क.सं. | धितोको मुल्य | न्युनतम शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|
| १ | रु. ५० लाखसम्म | क. सिभिल ईञ्जिनियरिङ्गमा ओभरसियर पास गरेको ओभरसियर । | क. सम्बन्धित क्षेत्रमा ५ वर्ष काम गरेको अनुभव । |
| | | ख. सिभिल ईञ्जिनियरिङ्गमा वि. ई. पास गरेको ईञ्जिनियर । | ख. सम्बन्धित क्षेत्रमा १ वर्ष काम गरेको अनुभव । |
| | | ग. ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा | ग. कम्तिमा १ वर्षको अनुभव प्राप्त ईञ्जिनियर वा ५ वर्षको अनुभव प्राप्त ओभरसियर संलग्न रहेको र कम्तिमा १ वर्षदेखि |

| | | | |
|---|---|---|---|
| | | कम्पनी । | सञ्चालनमा रहेको ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । |
| २ | रु. २ करोडसम्म | क. सिभिल ईञ्जिनियरिङ्गमा वि.ई. पास गरेको ईञ्जिनियर । | क. सम्बन्धित क्षेत्रमा ३ वर्ष काम गरेको अनुभव । |
| | | ख. ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । | ख. कम्तिमा ३ वर्ष काम गरेको अनुभव भएका ईञ्जिनियरहरु संलग्न भएको र ३ वर्षदेखि सञ्चालनमा रहेको ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । |
| ३ | रु. ७ करोडसम्म | नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । | सम्बन्धित क्षेत्रमा कम्तिमा ५ वर्ष काम गरेको अनुभव भएका कम्तिमा २ जना सिभिल ईञ्जिनियर र २ वर्ष काम गरेको अनुभव भएको १ जना मेकानिकल ईञ्जिनियर पनि संलग्न भएको कम्तिमा ३ वर्षदेखि सञ्चालनमा रहेको ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । |
| ४ | रु. १० करोडसम्म | नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । | वाणिज्य बैंकहरुमा चल अचल सम्पत्ति मुल्याँकनकताको रुपमा कम्तिमा ३ वर्ष काम गरेको अनुभव सहित कम्तिमा ५ वर्ष काम गरेको अनुभव भएका कम्तिमा २ जना सिभिल ईञ्जिनियर र २ वर्ष काम गरेको अनुभव भएको १ जना मेकानिकल ईञ्जिनियर पनि संलग्न भएको तथा ५ वर्षदेखि सञ्चालनमा रहेको कन्सल्टेन्सी फर्म वा कम्पनी । |
| ५ | असिमित | नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनी । | वाणिज्य बैंकहरुमा चल अचल सम्पत्ति मुल्याँकनकताको रुपमा कम्तिमा ३ वर्ष काम गरेको अनुभव सहित कम्तिमा ७ वर्ष काम गरेको अनुभव भएको कम्तिमा २ जना सिभिल ईञ्जिनियर र कम्तिमा ३ वर्ष काम गरेको अनुभव भएको १ जना मेकानिकल ईञ्जिनियर पनि संलग्न भएको र ७ वर्षदेखि सञ्चालनमा रहेको कन्सल्टेन्सी फर्म वा कम्पनी । |

**अन्य**

क) मूल्याँकनकर्ताको रुपमा चयन हुन बैंकले तोकेको माथि उल्लेखित योग्यता पुगेको हुनु पर्नेछ । साथै सोलाई पुष्ट्याउने कागजातहरु, नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि (आवश्यकता अनुसार त्रि. वि. वि. स्तर निर्धारण पत्र) र फर्म वा कम्पनीको हकमा फर्म/कम्पनी दर्ताको प्रमाणपत्र तथा कर चुक्ताको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ख) सूचीकृत भएका ओभरसियर, ईञ्जिनियर तथा ईन्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनीहरुले बैंकले तोके बमोजिमको पारिश्रमिक लिन मञ्जुर भएको हुनु पर्नेछ ।

ग) ईञ्जिनियरको हकमा नेपाल ईन्जिनियरिङ्ग परिषदमा दर्ता भएको प्रमाण पत्र पेश नगरेको निवेदनलाई मान्यता दिईने छैन ।

घ) बैंकले तोकेका सम्पूर्ण शर्तहरु एवं कागजातहरु पुरा नभएका र म्याद नाघि आएका आवेदन पत्र उपर कुनै कारवाही गरिने छैन ।

ङ) आवेदन फाराम बैंकको केन्द्रीय कार्यालय, संस्थागत तथा साना मझौला कर्जा विभाग वा बैंकको Website: www.rbb.com.np बाट download गरी प्राप्त गर्न सकिनेछ । आवेदन दस्तुर बापत रु. १,५००।- (फिर्ता नहुने) यस बैंकको कुनै पनि शाखा कार्यालयमा **के. का. हि. नं. २० विविध ८ शिर्षक**को खातामा जम्मा गरी सक्कल भौचर आवेदन साथ संलग्न गर्नु पर्नेछ ।

च) प्राप्त हुन आएको आवेदन स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

छ) आवेदन सम्बन्धी अन्य बिस्तृत जानकारी आवश्यक भएमा कार्यालय खुलेको दिन कार्यालय समयमा यस बैंकको केन्द्रीय कार्यालय, संस्थागत तथा साना मझौला कर्जा बिभागमा सम्पर्क गर्न सकिनेछ ।

**दरखास्त फाराम पेश गर्न सक्ने कार्यालयहरुः-**

१) राष्ट्रिय बाणिज्य बैंक, केन्द्रीय कार्यालय, संस्थागत तथा साना मझौला कर्जा बिभाग, सिंहदरवार प्लाजा, सिंहदरबार, काठमाण्डौं (फोन नं. ०१-४२५२५९५ Ext. ३७६६, ३७६७, ३७५७) ।

२) राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, क्षेत्रिय कार्यालय, बिराटनगर (फोन नं. ०२१-४३५५२३, ४३५५६१) ।

३) राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, क्षेत्रिय कार्यालय, विरगंज (फोन नं. ०५१-५३१०६२, ५३१०६३) ।

४) राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, क्षेत्रिय कार्यालय, नेपालगंज (फोन नं. ०८१-५२०२३१, ५२०३०९) ।

५) राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, क्षेत्रिय कार्यालय, पोखरा (फोन नं. ०६१-५३२५४०, ५३३७०७) ।

# सम्पत्ति मूल्याँकनकर्ताको सूचीमा समावेश हुनको लागि दिने आवेदन फाराम

नेपाल राष्ट्र बैंकबाट ‘क’ वर्गको इजाजतपत्र प्राप्त संस्था


राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

केन्द्रीय कार्यालय

संस्थागत तथा साना मझौला कर्जा बिभाग

## मूल्याँकनकर्ताले बैंकमा दिने निवेदनको नमूना

मितिः..........................

श्री प्रमुख ज्यू,
राष्ट्रिय वाणिज्य बैंक
..............विभाग/कार्यालय ।

विषयः मूल्याँकनकर्ताको रुपमा सुचिकृत हुन पाउँ ।

महोदय,
त्यस बैंकले मिति...........................को...................................दैनिकमा प्रकाशित गरेको मुल्याँकनकर्ताको रुपमा सुचिकृत हुन दरखास्त दिने बारेको सुचना अनुरुप उक्त सुचनामा उल्लेखित सम्पुर्ण शर्त बन्देजहरु पालन गर्न मञ्जुर भएको हुनाले रु........................... (अक्षरेपी .............. ................ ................................) सम्मको लागि धितो सुरक्षण मुल्याँकन गर्न ईच्छुक रहेकोले आवश्यक धरौटी रकम पछि सम्झौता गर्दाका बखत पेश गर्ने गरि आवश्यक कागजात सहित त्यस बैंकको कर्जा सुरक्षण वापत पारित हुने चल/अचल सम्पत्ति मुल्याँकनकर्ताको रुपमा सुचिकृत गराई दिने ब्यवस्थाको लागि अनुरोध गर्दछु । आवश्यक कागजात तथा आवेदन दस्तुरको भौचर यसैसाथ संलग्न छ ।

**निवेदक**

हस्ताक्षरः................................
नाम, थरः................................
ठेगानाः...................................
फर्म/कम्पनीको नामः.............................
ठेगानाः..............................................

## ओभरसियर/ईञ्जिनियर/ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनीको बिवरण

१.	ब्यक्ति, फर्म वा कम्पनीको नामः-

२.	ब्यक्ति, फर्म वा कम्पनीको ठेगानाः-

३.	प्रोप्राईटर, साझेदारहरु वा संचालकको नाम, ठेगाना, योग्यता तथा अनुभवको बिवरणः-

| नाम र पद | ठेगाना (अस्थायी र स्थायी) | ईमेल ठेगाना | योग्यता | अनुभव | फोन नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

४.	संलग्न प्राविधिक (ईञ्जिनियर) को नाम, ठेगाना, योग्यता तथा अनुभवः-

| नाम र पद | ठेगाना (अस्थायी र स्थायी) | ईमेल ठेगाना | योग्यता | अनुभव | फोन नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

५.	फर्म वा कम्पनीको दर्ता मितिः-

चालू आ.व.मा नविकरण भए र नभएकोः-

६.	फर्म वा कम्पनीको उद्देश्यः-

७.	फर्म वा कम्पनीका मुख्य ब्यक्ति (मूल्याँकनकर्ता/ईञ्जिनियर) को नामः-

क)............

ख)..............

ग).............

८.	फर्म वा कम्पनीको अधिकारप्राप्त ब्यक्तिको नाम र ठेगानाः-

९. अन्य बैंकको मूल्याँकनकर्ताको सूचीमा रहे वा नरहेकोः-

रहेको भए बैंकको नामः-

कार्य क्षेत्रः-

सूचीमा रहेको मितिः-

मूल्याँकित रकमः-

१०. यस पूर्व यस बैंकको मूल्याँकनकर्ताको सूचीमा रहेको वा नरहेकोः-

सूचीमा रहेको भए गरेको कार्यक्षेत्र र अवधीः-

मूल्याँकन गरेको शाखा र मूल्याँकित रकमः-

११. हाल मूल्याँकन गर्न चाहेको क्षेत्रः-
क) नेपाल राज्यभर
ख) क्षेत्रिय कार्यालय, ........................... अन्तर्गतका शाखा कार्यालयहरु
ग) ................................................ अञ्चल स्थित शाखा कार्यालयहरु

नोटः १० करोड वा सो भन्दा माथिको मूल्याँकनकर्ताको हकमा निजहरुको कार्यक्षेत्र नेपाल राज्यभर हुनेछ । साथै दुई वा सो भन्दा बढी क्षेत्रको लागि आवेदन गर्ने आवेदकले आफ्नो आवेदन यस बैंक केन्द्रिय कार्यालय, संस्थागत तथा साना मझौला कर्जा विभाग समक्ष दिनु पर्नेछ ।

१२. अन्य केही भएः-

उपर्यूक्त विवरणहरु ठिक दुरुस्त छन् भनी हस्ताक्षर गर्ने ब्यक्ति/प्रोप्राईटर/साझेदार वा संचालककोः-
दस्तखतः..........................

ब्यक्ति/फर्म वा कम्पनीको नामः-

प्रोप्राईटर/साझेदार/संचालकः-

**आवेदनसंगै पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

(क) **ओभरसियर/ईञ्जिनियरको हकमाः**

- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (आबश्यकता अनुसार त्रि. वि. वि. स्तर निर्धारण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ) ।
- फर्म/कम्पनीमा कार्य गरेको भए सो फर्म/कम्पनीबाट प्राप्त गरेको अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- ब्यक्तिगत विवरण (Curriculum Vitae) ।
- ईञ्जिनियरहरुले नेपाल ईञ्जिनियरिङ्ग परिषदबाट प्राप्त गरेको दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि ।

(ख) **ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी फर्म वा कम्पनीको हकमाः**

- फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नविकरण भएको समेत) ।
- VAT मा दर्ता गर्नको लागि आवश्यक नभएको भन्ने घोषणापत्र वा VAT मा दर्ता भएमा दर्ता प्रमाणपत्र ।
- प्रोप्राईटर र संचालकहरुको शैक्षिक योग्यता (आवश्यकता अनुसार त्रि. वि. वि. स्तर निर्धारण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ) र नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि ।
- प्राविधिकहरु (कार्यरत ईञ्जिनियर/ओभरसियर) को ब्यक्तिगत विवरणका साथै शैक्षिक योग्यताको प्रमाणपत्र (आवश्यकता अनुसार त्रि. वि. वि. स्तर निर्धारण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ), नागरिकताको प्रमाणपत्रको प्रतिलिपि एवं फर्म वा कम्पनीमा काम गर्न मञ्जुर गरिएको स्विकृती पत्र ।
- फर्म वा कम्पनीको आवश्यक कागजातहरु (Profile) तथा अफिस संरचना ।
- फर्म वा कम्पनीको ईञ्जिनियरहरुले नेपाल ईन्जिनियरिङ्ग परिषदबाट प्राप्त गरेको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
- आवेदन गर्नाका लागि अधिकार प्रत्यायोजन सम्बन्धमा कम्पनीबाट भएको निर्णय (माईन्यूट) को प्रतिलिपी ।

आवेदन दिन चाहने ब्यक्ति, फर्म वा कम्पनीले मूल्याँकनको अनुभव पेश गर्दा मूल्याँकन गरेको रकम खुलाउनुको साथै सोको पुष्ट्याई गर्ने कागजात अनिवार्य पेश गर्नु पर्नेछ अन्यथा मूल्याँकनको अनुभवलाई मान्यता दिईने छैन । साथै अन्य बैंकमा पनि मूल्याँकनकर्ताको रुपमा कार्य गरेको भए सोको सम्झौताको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

**नोटः** सुचिकृत भईसके पश्चात् बैंकले खटाएको ठाँउमा अनिवार्य उपस्थित भई कार्य गर्नुपर्नेछ ।

**मूल्याँकनकर्ताले धरौटी राख्नु पर्ने रकमः**

बैंकले धितोमा लिने सम्पतिको मूल्याँनकर्ताको रुपमा स्विकृती प्राप्त ब्यक्ति/फर्म वा कम्पनीले निम्न बमोजिमको धरौटी रकम यस बैंकको चल्ती/बचत खातामा एयरमार्क गरि राख्नु पर्नेछ वा यस बैंक बाहेक अन्य **'क'** बर्गको वाणिज्य बैंकको बैंक जमानत पेश गर्नु पर्नेछ ।

| धितोको मूल्य रु. | धरौटी राख्नुपर्ने रकम |
|---|---|
| रु. ५० लाखसम्म | रु. १ लाख |
| रु. २ करोडसम्म | रु. २ लाख |
| रु. ७ करोडसम्म | रु. ३ लाख |
| रु. १० करोडसम्म | रु. ४ लाख |
| असिमित (सिमा नभएको) | रु. ७ लाख |

## कबुलियतनामाको नमूना

लिखितम लिखत गराई लिने............................ वडा नं............ स्थित राष्ट्रिय वाणिज्य बैंक लिमिटेड ............................ कार्यालय, लिखत गरिदिने .................. जिल्ला .................. न.पा./गा.बि.स. वडा नं.......... स्थित कार्यालय रहेको ......................... को तर्फबाट अधिकार प्राप्त ........................ जिल्ला..........................न.पा./गा.बि.स. वडा नं...... घर भै हाल.................. .............. मा बस्ने वर्ष ..... को ................................ तथा ........................ जिल्ला......................न.पा./गा.वि.स. वडा नं ... घर भै हाल ......................... मा बस्ने वर्ष ......... को .................................. ले त्यस बैंकको कर्जा र सुविधाको सुरक्षण वापत बैंकमा धितो पारीत गराउने अचल सम्पति, घर जग्गा आदिको मूल्याँकन गर्ने सम्बन्धमा मूल्याँकनकर्ताको सूचिमा सूचिकृत भै सम्झौता पत्रमा उल्लेखित शर्तहरुको साथै निम्नानुसारको शर्त बन्देज समेतको अधिनमा रही काम कारवाही गर्नेछु भनी यो कबुलियतनामा गरि बैंकलाई दिए ।

१. म/हामीबाट भएको मूल्याँकन बढी देखिन आएमा बैंकले मूल्याँकित रकम घटाएमा वा मूल्याँकन प्रतिबेदन अस्विकृत गरेमा मेरो/हाम्रो मञ्जुरी छ ।

२. बदनियत वा लापरवाहीपूर्वक गरिएको मूल्याँकनका कारणले बैंकलाई हानी नोक्सानी हुन गएमा धरौटी रकम जफत वा बैंक जमानत वापतको रकम बैंक स्वयम्ले दाबी गरि लिएमा मेरो/हाम्रो मञ्जुरी छ ।

३. मूल्याँकनका कारणले बैंकलाई हानी नोक्सानी हुन गई उपरोक्त दफा २ बमोजिम बैंकले लिएको रकमले हानी नोक्सानीको सम्पुर्ण रकम असुल नभई नपुग भएमा बैंकले मेरो/हाम्रो घर घरानाबाट प्रचलित कानून बमोजिम असुल गरि लिएमा मेरो/हाम्रो मञ्जुरी छ ।

४. बैंकले तय गरेको नीति नियम, निर्देशनको अधिनमा रही मात्र मूल्याँकन कार्य गर्ने छु/छौं । सो अनुसार कार्य भएको नपाइएमा वा गलत मूल्याँकन गरेको पाइएमा भविष्यमा बैंकको कुनै पनि मूल्याँकन कार्यको लागि अयोग्य घोषित गरि सूचीबाट हटाउने, नेपाल राष्ट्र बैंकले जारी गरेको कालो सूची सम्बन्धी निर्देशन अनुसार कालो सूचीमा राख्ने, सो बारे नेपाल राष्ट्र बैंक र नेपाल बैंकर्स संघलाई जानकारी दिएमा वा सूचना प्रकाशित गरेमा मेरो/हाम्रो मञ्जुरी छ ।

५. बैंकको शाखा कार्यालय/क्षेत्रीय कार्यालय/केन्द्रीय कार्यालयबाट धितो सुरक्षण मूल्याँकन निर्देशिका, २०६४ मा उल्लेखित प्रकृया पुरा गरि मूल्याँकन गर्न अनुरोध गरिएको पत्र जारी भए पश्चात मात्र मूल्याँकन कार्य गरिनेछ । ग्राहकहरुले अनुरोध गरेको आधारमा मूल्याँकन कार्य गर्ने छैन/छैनौं ।

६. मूल्याँकन कार्य गरे वापत सम्बन्धित ग्राहकबाट बैंकले तोके बमोजिमको पारिश्रमिक लिन मञ्जुरी छ । बैंकले मूल्याँकित रकम कम हुने गरि घटाएमा बैंकले ठहर गरेको मूल्य अनुसार नै पारिश्रमिक लिन मञ्जुरी छ । तर मूल्याँकन अस्विकृत भएको अवस्थामा कुनै पारिश्रमिक दावी गर्ने छैन/छैनौ ।

७. म/हामी तथा मेरो/हाम्रो कन्सल्टेन्सी फर्म/कम्पनी यस अघि बैंक तथा वित्तीय संस्थामा मूल्याँकनको कार्य गर्दा कारवाहीमा परेको वा कारवाहीको शिलशिलामा सूचीबाट हटाइएको वा कालो सूचीमा राखिएको छैन । त्यस्तो पाईएमा यस बैंकको मूल्याँकनकर्ताको सूचीबाट हटाएमा मञ्जुरी छ ।

८. मैले/हामीले गरेको मूल्याँकन कार्यको बैंकले जुनसुकै बखत अनुगमन वा निरीक्षण गरेमा म/हामीबाट कुनै बाधा अड्चन तथा आपत्ती गरिने छैन ।

९. बैंकबाट म/हामी माथी भएको कुनै पनि कारवाहीको शिलशिलामा बैंक उपर कुनै दाबी उजुर गर्ने छैन । गरेमा यसै लिखतलाई आधारमानी बदरभागी हुनेछ ।

१०. मैले/हामीले गरेको मूल्याँकन प्रतिको सम्पूर्ण उत्तरदायित्व म/हामी स्वयम्ले नै व्यहोर्ने छु/छौं ।

११. बैंकबाट तोकिएको ढाँचा अनुसार नै मूल्याँकन कार्य गर्ने छु/छौं ।

इति सम्वत्..............साल................महिना...........गते रोज........शुभम् ............................... ।

## अचल सम्पत्ति मूल्याँकनकर्ता र राष्ट्रिय वाणिज्य बैंक लिमिटेड बीच भएको
## सम्झौता पत्र

लिखितम् लिखत गराई लिने ...................... जिल्ला ...................... नगरपालिका वडा नं ...... स्थित राष्ट्रिय वाणिज्य बैंक लिमिटेड .................... कार्यालय ...................... १ (जसलाई यस पछि यस लिखतमा "प्रथम पक्ष" भनिएको छ) लिखत गरिदिने ....................... जिल्ला ....................... न. पा./गा. वि. स. वडा नं ....... स्थित कार्यालय रहेको ................................ को तर्फबाट अधिकार प्राप्त ................................... १ (जसलाई यसपछि यस लिखतमा "द्वितीय पक्ष" भनिएको छ) का बीच प्रथम पक्षले कर्जाको सुरक्षण वापत बैंकमा धितो पारित गराउने अचल सम्पति घर जग्गा आदिको मूल्याँकन गर्ने सम्बन्धमा मूल्याँकनकर्ताको रुपमा सूचिकृत भै निम्नानुसारको शर्त बन्देज अन्तर्गत रही काम कारवाही गर्ने/गराउने बारे करार ऐन, २०५६ बमोजिम एक आपसमा यो करारनामा गरी एक/एक प्रति लियौं/दियौं ।

### तपसिल

**शर्तबन्देजहरु:**

१. ................

२. यस सम्झौता पत्रमा उल्लेखित शर्त बन्देज उल्लंघन गरेको अवस्थामा पहिलो पक्षले जुनसुकै बेला पनि दोस्रो पक्षलाई नेपाल राष्ट्र बैंकले जारी गरेको कालो सुची सम्बन्धी निर्देशन अनुसार कालो सुचीमा राख्न वा सुचना प्रकाशित गर्न वा यस बैंकको मूल्याँकनकर्ताको सुचीबाट हटाउन सक्नेछ । तर यसरी कारवाही गर्नु पुर्व पहिलो पक्षले दोस्रो पक्षलाई आफ्नो सफाई दिने मौकाबाट वञ्चित गराउने छैन । दोस्रो पक्षले सम्झौता बमोजिम काम गर्न नचाहेमा वा कारणवश विचैमा छोड्नु परेमा कम्तिमा १ महिना पुर्व लिखित सुचना दिई अलग हुन सक्नेछ ।

३. दोश्रो पक्षले गरेको मूल्याँकन कार्यको पहिलो पक्षले जुनसुकै बेला पनि अनुगमन वा स्थलगत निरीक्षण गर्न/गराउन सक्नेछ ।

४. दोश्रो पक्षबाट भएको मूल्याँकन बढी देखिन आएमा पहिलो पक्षले मूल्याँकित रकम घटाउन वा मूल्याँकन प्रतिवेदन अस्विकृत गरि नयाँ मूल्याँकनकर्ता खटाउन सक्नेछ ।

५. पहिलो पक्षले तय गरेको नीति नियमभित्र रहि दोश्रो पक्षबाट कार्य भएको नपाईएमा वा गलत मूल्याँकन गरिएको पाईएमा दोश्रो पक्षले एयरमार्क गरि राखिएको धरौटी रकम जफत वा जमानत वापतको रकम पहिलो पक्षले दाबी गरी लिन पाउने छ । बदनियत वा लापरवाहीपूर्वक गरिएको मूल्याँकनको कारणले पहिलो पक्षलाई आर्थिक हानी नोक्सानी हुन गएमा हानी नोक्सानीको सम्पूर्ण रकम दोश्रो पक्षबाट पहिलो पक्षले प्रचलित कानून बमोजिम असुल गरि लिन पाउने छ ।

६. पहिलो पक्षले तय गरेको नीति नियमभित्र रही दोश्रो पक्षबाट काम कारवाही भएको नपाइएमा पहिलो पक्षको लागि मूल्याँकनकर्ताको हैसियतले कार्य गर्न नपाउने गरी दोश्रो पक्षलाई मूल्याँकनकर्ताको सूचीबाट हटाउने, नेपाल राष्ट्र बैंकले जारी गरेको कालो सूची सम्बन्धी निर्देशन अनुसार कालो सूचीमा राख्ने, सो विषयमा नेपाल राष्ट्र बैंक र नेपाल बैकर्स संघलाई जानकारी दिनुको साथै सूचना प्रकाशित गर्ने अधिकार पहिलो पक्षमा सुरक्षित रहने छ ।

७. पहिलो पक्षले दोश्रो पक्षलाई कुनै सूचना दिनु पर्ने अवस्थामा दोश्रो पक्षले सम्झौता गर्दा दिईएको ठेगानामा (परिवर्तन भएको अवस्थामा दोश्रो पक्षले ठेगाना परिवर्तन भएको विषयमा पहिलो पक्षलाई लिखित जानकारी गराएको अवस्थामा बाहेक) पहिलो पक्षले रजिष्टर्ड पत्र/टेलेक्स/फ्याक्स वा अन्य

विद्युतिय यान्त्रिक साधनबाट दोश्रो पक्षलाई पठाएको सूचनालाई दोश्रो पक्षले सूचना प्राप्त गरेको मानिने छ ।

८. पहिलो पक्षबाट दोश्रो पक्ष माथि कारवाही भएमा पहिलो पक्ष उपर कुनै दाबी उजुर गर्न पाइने छैन ।

९. दोश्रो पक्षले गरेको मूल्याँकन प्रतिको सम्पूर्ण उत्तरदायित्व निज स्वयंले नै व्यहोर्नु पर्नेछ ।

१०. दोश्रो पक्षले मूल्याँकन गर्ने कार्य क्षेत्र निम्न बमोजिम हुनेछ ।
................................ स्थित यस बैंकका शाखा कार्यालयहरु ।

१० (क) सुचीकृत भईसके पश्चात् प्रथम पक्षबाट मूल्याँकनकर्ताको नाममा जारी गरिएको ईजाजत पत्र/पत्रको दोस्रो पक्षले प्रत्येक २ वर्षमा नविकरण गराउनु पर्नेछ । नविकरण नगराएमा प्रथम पक्षले मूल्याँकनकर्ताको सुचीबाट हटाउन सक्नेछ ।

११. अन्य शर्त बन्देजको हकमा धितो सुरक्षण मूल्याँकन निर्देशिका, २०६४ मा उल्लेखित सम्पूर्ण शर्तहरु पालना गर्न द्वितीय पक्ष मन्जुर गर्दछ ।

१२. दोश्रो पक्षले पारिश्रमिक बापत पाउने रकममा आयकर लाग्ने अवस्था भएमा नियमानुसार लाग्ने कर रकम दोश्रो पक्ष स्वयंले तिर्नु पर्नेछ ।

१३. उपर्युक्त उल्लेखित बाहेक अन्य शर्तहरु दुवै पक्षको आपसी समझदारीमा हेरफेर तथा थपघट गर्न सकिनेछ ।

प्रथम पक्षको तर्फबाट
नामः-
पदः···

द्वितीय पक्षको तर्फबाट अधिकार प्राप्त
नाम-

इति सम्वत् .................. साल ............ महिना ......... गते रोज .......... शुभम् ..................।